*विधानको नमुनाः*

# फुङ्नाम खावाना खोला जल उपभोक्ता संस्था

चुलाचुली गाउँपालिका वडा नं.६,
चुलाचुली, इलाम

को

## विधान २०७६

| | |
|---|---|
| वडा नं. | ६ |
| गा.पा. | चुलाचुली गाउँपालिका, चुलाचुली, इलाम |
| प्रदेश | १ नं. प्रदेश |

# फुङ्गनाम खावाना खोला जल उपभोक्ता संस्था
# को
# विधान, २०७६

**प्रस्तावना**

नेपाल राज्यभित्र १ नं. प्रदेश चुलाचुली गाउँपालिका वडा नं ६ स्थित खावाना खोलाको पानीलाई समुचित ढंगले उपयोग गरेर चुलाचुली गाउँपालिका, वडा नं ६ स्थित खेती योग्य जग्गाको कृषि उत्पादनमा बृद्धि गरी ग्रामीण गरिबी घटाउने उद्देश्यले उक्त श्रोतबाट **फुङ्गनाम खावाना खोला** सिंचाई आयोजना निर्माण गरी आपसी सहयोगद्वारा संचालनमा ल्याउन यस क्षेत्रका उपभोक्ताहरुको आम भेला तथा साधारण सभाद्वारा अविछिन्न जल उपभोक्ता संस्थाको रुपमा दर्ता गर्न वाञ्छनिय भएकाले **"चुलाचुली गाउँपालिकाको पूर्वाधार व्यवस्थापन सम्बन्धी ऐन, २०७६"**को अधिनमा रही यो **फुङ्गनाम खावाना खोला जल उपभोक्ता संस्था** को विधान २०७६ तर्जुमा गरीएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भ**

(क) यो विधानलाई **फुङ्गनाम खावाना खोला जल उपभोक्ता संस्था** को विधान- २०७६, भनिने छ ।

(ख) यस **फुङ्गनाम खावाना खोला जल उपभोक्ता संस्था** लाई **"चुलाचुली गाउँपालिकाको पूर्वाधार व्यवस्थापन सम्बन्धी ऐन, २०७६"**बमोजिम दर्ता गरिसकेपछि मात्र यो विधान लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा प्रयोग गरीएका शव्दहरुको अर्थ निम्नानुसार हुनेछ ।

(क) **संस्था** भन्नाले **फुङ्गनाम खावाना खोला** सिंचाई जल उपभोक्ता संस्थालाई जनाउँदछ ।

(ख) **सिंचित क्षेत्रफल** भन्नाले **खावाना खोला**को पूर्व, .......... को पश्चिम ...........को उत्तर .................. र को दक्षिण यति चारकिला भित्र रहेको जम्मा जग्गा १९.५ हेक्टरलाई जनाउँदछ ।

(ग) **फुङ्गनाम खावाना खोला सिंचाई जल उपभोक्ता संस्था** भन्नाले यस विधानको दफा ११ मा उल्लेखित प्रक्रिया अनुसार गठन भएको समितिलाई जनाउँदछ ।

(घ) **उपभोक्ता** भन्नाले सिंचाई योजनावाट प्रत्यक्ष रुपमा फाईदा पाउने तोकिएको क्षेत्रका जग्गाधनीलाई जनाउँदछ ।

(ङ) **साधारण सभा** भन्नाले सिंचाई उपभोक्ता संस्थाको साधारण सदस्यता प्राप्त कृषकहरुको भेलालाई जनाउँदछ ।

(च) **अध्यक्ष** भन्नाले **फुङ्गनाम खावाना खोला** सिंचाई उपभोक्ता संस्थाको प्रमुख व्यक्तिलाई जनाउँदछ ।

(छ) **सचिव** भन्नाले **फुङ्गनाम खावाना खोला** सिंचाई उपभोक्ता संस्थाको सचिवलाई जनाउँदछ ।

(ज) **कोषाध्यक्ष** भन्नाले **फुङ्गनाम खावाना खोला** सिंचाई उपभोक्ता संस्थाको लेखा हेर्ने कोषाध्यक्षलाई जनाउँदछ

(झ) **सदस्य** भन्नाले **फुङ्गनाम खावाना खोला** सिंचाई उपभोक्ता संस्थाको साधारण सदस्यता प्राप्त सिंचाइ उपभोक्ता सदस्यलाई जनाउँदछ ।

(ञ) **कार्यकारिणी सदस्य** भन्नाले **फुङ्गनाम खावाना खोला** सिंचाई सिंचाई उपभोक्ता संस्थाको सदस्य वा पदाधिकारीलाई जनाउँदछ ।

(ट) **कृषक सिंचाई समितिका पदाधिकारी** भन्नाले संस्थाको अध्यक्ष, सचिव, र कोषाध्यक्ष वा कुनै सदस्य वा कार्यकारीणी सदस्य जसलाई संस्थाको तर्फवाट कार्य गर्न कुनै दर्जा वा जिम्मेवारी प्रलान गरिएको छ,भने त्यस्ता सबै व्यक्तिहरुलाई जनाउँदछ ।

(ठ) **सेवा शुल्क** भन्नाले जलस्रोत वा सिंचाई सेवा उपभोग गरे वापत उपभोक्ताले तिर्नु बुझाउनु पर्ने शुल्क वा दस्तुर सम्झनु पर्छ ।

(ड) **श्रमदान** भन्नाले सिंचाई प्रणाली निर्माण, मर्मत तथा सरसफाई गर्न कृषि तथा अन्य क्षेत्रमा शारीरिक श्रम गर्ने कार्यलाई जनाउने छ ।

(ढ) **सिंचाइ** भन्नाले कृषिजन्य उपयोगको लागि संरचना वा अन्य माध्यामबाट जग्गा जमिनमा पानी पुर्‍याउने प्रक्रिया सम्झनु पर्छ ।

**३. संस्थाको छाप**

संस्थाको दैनिक कार्यहरुलाई वैधानिकता प्रदान गर्न संस्थाको आफ्नो छुट्टै छाप रहने छ । यो छापमा **फुङ्गनाम खावाना खोला** सिंचाई जल उपभोक्ता संस्था, २०७६ भन्ने उल्लेख गरिएको हुनेछ ।

**४. संस्थाको कार्यालय**

संस्थाको कार्यालय १ नं. प्रदेश इलाम जिल्ला चुलाचुली गाउपालिका वडा नं ६ क्षेत्रमा रहने छ ।

## परिच्छेद-२
## उद्देश्यहरु

**५. संस्थाको मुल उद्देश्यहरु**

यस संस्थाको मुल उद्देश्य चुलाचुली गाउँपालिका वडा नं ६ स्थित खोलाको पानी अधिकतम सदुपयोग गरी सिंचित कृषि प्रणालीमा सुधार ल्याई कृषि आयमा बृद्धि ल्याउनु रहेको छ । यसले भरपर्दो सिंचाई प्रणालीको स्थापना, संचालन, मर्मत संम्भार र विकास गरी सिञ्चित क्षेत्रको विकास गराउनमा टेवा पुर्‍याउने छ ।

**संस्थाको निर्दिष्ट उद्देश्यहरु निम्नअनुसार रहेका छन् :**

क) सिंचाई प्रणाली (कुलो र सिंचित क्षेत्रको लागि पानी वितरण प्रणालीहरुको निर्माण, प्रभावकारी संचालन, मर्मतसम्भार र व्यवस्थापन गर्नु ।

ख) सिंचाई प्रणालीको नयाँ निर्माण वा सुधार कार्य गर्न सरकारी बजेट तथा उपभोक्ता कृषकहरुको श्रोत परिचालन गर्नु र आवश्यक परेमा सिंचाई उपभोक्ता संस्थालाई राष्ट्रिय वित्तिय, संघ संस्थाहरु वा बैंकहरुबाट ऋण लिनमा समेत सघाउनु

ग) सदस्यता लिएका सिंचाई उपभोक्ताहरुलाई प्रभावकारी र समानुपातिक ढंगले पानी वितरण गर्नु ।

घ) सिंचाई प्रणालीको संचालन, मर्मतसम्भार र व्यवस्थापनको लागि आवश्यक श्रोत जुटाउन सिंचाई उपभोक्ताहरुको प्रयासलाई एकत्रित ढंगबाट परिचालन गरी सम्बन्धित निकायहरुसंग आवश्यक समन्वय र सहकार्य कायम राख्नु ।

ङ) निर्माण कार्य सम्पन्न भएपछि सिंचाई प्रणालीको संचालन, मर्मतसम्भार र व्यवस्थापनमा दीगोपना कायम गर्नु ।

च) खेती प्रणालीमा सुधार ल्याई उपभोक्ताहरुको जीवनस्तर उकास्न सिंचाई उपभोक्ता संस्थाको कार्य दक्षतामा सुधार ल्याउन आवश्यक कार्यहरु गर्नु ।

छ) वातावरण संरक्षण, कुलोको मूहान तथा पानीको श्रोतको दीगो संरक्षणको लागि आवश्यक गतिबिधिहरु संचालन गर्नु (जस्तै मुहान क्षेत्रको वन जंगलको संरक्षण, वृक्षारोपण, पोखरी तथा आहलहरुको निर्माण र संरक्षण, आगलागी तथा पहिरोको रोकथाम) ।

ज) सिंचाइ योजनाका लाभान्वित परिवारहरुको कृषि उत्पादनको गुणस्तरीयता र आय वृद्धिको लागि कृषि बाली विविधीकरण, कृषि व्यवसायीकरण र आधुनिकीकरण गर्ने जस्को लागि आवश्यक प्राविधिक तथा आर्थिक सहयोग जुटाउन गाँउपालिका, सरोकारवाला र अन्य सहयोगी निकायहरुसंग समन्वय र सहकार्य गर्नु ।

झ) सिंचाई प्रणालीको सुसंचालनको लागि आवश्यक पर्ने अन्य कामहरु गर्नु ।

## परिच्छेद -३
## सदस्यता :

**६. सदस्यताको लागि आवश्यक योग्यता र किसान परिचय पत्र**

**क) सदस्यताको लागि आवश्यक योग्यता :**

१.सिंचाई क्षेत्रभित्र जग्गा हुने जोताहा धनी वा मोहि नलागेको जग्गाको जग्गाधनी वा उनीहरुको अख्तियार प्राप्त जोताहा किसानलाई संस्थाको उपभोक्ता सदस्यता स्वतः प्रदान गर्न सकिनेछ । संस्थाको साधारण उपभोक्ता सदस्य हुनका लागि कम्तिमा १८ वर्ष उमेर पुगेको हुनु पर्नेछ । यदि जग्गाधनी वा जोताहा किसान १८ वर्ष भन्दा कम उमेरको भए उनको संरक्षकलाई साधारण सदस्यता दिईनेछ । मोहि नलागेको जग्गाको जग्गा धनीले स्वयम् खेती नगरी अधिँया वा अन्य मोहि नलाग्ने प्रथा अनुसार अरुलाई जग्गा जोत्न दिएको अवस्थामा जोताहा वा उनको अख्तियार प्राप्त व्यक्तिलाई साधारण सदस्यता दिन सकिनेछ ।

२.नैतिक पतन नठहरिएको,

३.मानसिक सन्तुलन नगुमाएको,

**क) किसान परिचय पत्र :**

१) सबै खेत बारीवाला वा मोहीहरुको समान हक अधिकार सुनिश्चित गर्नको लागि किसान परिचय पत्र अनुसूची ३ बमोजिम वितरण गरिनेछ । जसले गर्दा सबैको समानुपातिक पानी बाँडफाँडमा सहयोग पुग्दछ ।

२) यसले एकातर्फ किसानको सहभागिताको महसुस गराउछ भने अर्को तर्फ किसानले आफ्नो खेत तथा जमिनको क्षेत्रफल पनि उल्लेख हुनेहुँदा सबैलाई कसको कति रकम मर्मत कोषमा जम्मा गर्नु पर्नेहो भन्ने पनि यसैले प्रष्ट पार्दछ ।

३) किसान परिचय पत्र वितरण गर्दा ज.उ.स.का पदाधिकारीहरुले प्रत्येक किसानको उपभोक्ता कार्ड नम्बर, ठेगाना, जग्गा धनीको नाम, आदि भरी ज.उ.स. अध्यक्ष र कार्ड होल्डरले हस्ताक्षर गरी वितरण गर्नु पर्नेछ ।

४) नयाँ कार्ड वितरण गर्दा प्रतिकार्ड रु.५०।- लिन पाउने र प्रत्येक वर्ष नविकरण गर्दा रु.२०।- का दरले रकम संकलन गर्ने र सो रकम मर्मत सम्भार कोषमा जम्मा गर्नेछ ।

**७. साधारण सदस्यता शुल्क :**

क) सिंचाई उपभोक्ता संस्थाले निर्धारण गरे बमोजिम योग्य साधारण सदस्यहरुवाट समितिको निर्णय बमोजिम सदस्यता शुल्क उठाउन सक्नेछ ।

ख) सिंचाई प्रणालीको निर्माण सुधार, मर्मतसंम्भार, संचालन र व्यवस्थापनको लागि आवश्यक रकम जुटाउन साधारण सभाले तोके अनुसार सदस्यता शुल्क बाहेक अन्य शुल्कहरु पनि हरेक सदस्यले बुझाउनु पर्नेछ ।

**८. सदस्यताबाट निष्काशन वा निलम्बन :**

क) जग्गाधनीले जग्गा बेचेमा वा मोहियानी हक हस्तान्तरण भएमा साधारण सदस्यता स्वतः खारेज हुनेछ र नयाँ मोहि वा जोताहा जग्गाधनी वा निजबाट अख्तियार प्राप्त व्यक्ति साधारण सदस्यता ग्रहण गर्न योग्य हुनेछ । सिंचाई उपभोक्ता संस्थाको नियमहरु उल्लंघन गरेको वा तिर्नु पर्ने शुल्क वा दस्तुरहरु नतिरेको खण्डमा समितिको निर्णय अनुसार साधारण सदस्यता निलम्बन वा खारेज गर्न सक्नेछ । यदि कुनै निष्कासित साधारण सदस्यले सबै शुल्कहरु तिरेर संस्थाको नियम पालन गरेमा निजलाई पुनः साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

## परिच्छेद-४

## साधारण सभा विशेष साधारण सभा र सिंचाई जल उपभोक्ता संस्था :

**९. साधारण सभा :**

क) साधारण सभामा सिंचाई उपभोक्ता संस्थाका सम्पुर्ण सदस्यहरु समावेश हुनेछन् ।

ख) संस्थाको प्रत्येक वर्षमा एक पटक अनिवार्य साधारण सभा बैठक बोलाईने छ । साधारण सभा बर्षे बाली शुरु हुनुभन्दा अगाडि बोलाईने छ । आवश्यक परेमा जुनसुकै बेलामा पनि विशेष साधारण सभाहरु बोलाउन सकिनेछ ।

ग) साधारण सभा बस्ने मिति, समय, स्थान र छलफल गरिने विषय बस्तुहरु सिंचाई उपभोक्ता संस्थाद्वारा तय गरिनेछ ।

घ) साधारण सभा वा विशेष साधारण सभा बैठकको अध्यक्षता उपभोक्ता संस्थाको कार्यकारी अध्यक्ष वा अध्यक्ष अनुपस्थित भएमा साधारण सभाले मनोनयन गरेको कुनै जेष्ठ सदस्यले गर्नेछ ।

ङ) साधारण सभा बोलाउँदा सबै सदस्यहरुलाई कम्तिमा १५ दिनको अग्रिम सुचना दिईनेछ । तर विशेष साधारण सभाको हकमा ७ दिनको अग्रिम सुचना दिईनेछ । उक्त सुचनामा साधारण सभा हुने मिति, स्थान, समय र विषय बारे स्पष्ट उल्लेख भएको हुनुपर्दछ ।

च) साधारण सभामा कुल सदस्य संख्याको ५१ प्रतिशत भन्दा कम सदस्यहरु मत्र उपस्थित भएमा  गणपुरक संख्या (कोरम) नपुगेको मानी सभा स्थगित हुनेछ ।

छ) यसरी गणपुरक संख्या नपुगेको अवस्थामा पुनः ७ दिनको र विशेष साधारण सभाको हकमा ३ दिनको दोस्रो सुचना दिई पछि पुनः साधारण सभा बोलाईनेछ ।

ज) यसरी दोस्रो सुचनाद्धारा बोलाईएको साधारण सभामा सम्पुर्ण सदस्य संख्याको ४५ प्रतिशत सदस्यहरुले भाग लिन आएमा कोरम पुगेको ठहर गरी सभा संचालन गरिने छ ।

झ) विधानको क्र.सं.९ (ज) बमोजिम उपस्थित सदस्यहरुको साधारण बहुमतले कुनै निर्णय गरेमा त्यसलाई कान"न बमोजिम भएको मानिने छ ।

ञ) साधारण सभाको संचालन र व्यवस्थापनका लागि आवश्यक पर्ने विनियमहरु साधारण सभा आफैले तयार गर्न सक्नेछ ।

**१०. साधारण सभाको काम कर्तब्य र अधिकार :**

साधारण सभाको काम कर्तब्य र अधिकार निम्न अनुसार रहेका छन् :

क) सिंचाई प्रणालीको निर्माण सुधार/संचालन, मर्मत र व्यवस्थापनको लागि आवश्यक विनियमहरु बनाउने र जारी गर्ने ।

ख) साधारण सभाका सदस्यहरु मध्येबाट सिंचाई उपभोक्ता संस्थाको लागि पदाधिकारीहरु चयन गर्ने ।

ग) सिंचाई उपभोक्ता संस्थाको लेखापरीक्षण प्रतिवेदनको अनुमोदन गर्ने ।

घ) सिंचाई उपभोक्ता संस्थाको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

ङ) सिंचाई उपभोक्ता संस्थाले पेश गरेको वार्षिक बजेट र कार्ययोजनालाई स्वीकृत गर्ने ।

**११. सिंचाई जल उपभोक्ता संस्थाको निर्माण/गठन**

क) साधारण सभाको सदस्य कृषकहरु मध्येबाट सिंचाई प्रणालीको सबै क्षेत्रः शिर, मघ्य र पुच्छार, जाति र वर्ग (महिला, विपन्न, दलित तथा जनजाति कृषकहरु) बाट प्रतिनिधित्व हुने गरी आम भेलाबाट उपयुक्त व्यक्तिहरु चयन गरी सिंचाई उपभोक्ता संस्थाको **कार्यसमिति** निर्माण गरिने छ ।

ख) सिंचाइ जल उपभोक्ता संस्थामा ७ देखि ११ जना सम्म सदस्यहरु रहन सक्नेछन् । संस्थामा अध्यक्ष, सचिव र कोषाध्यक्ष पदाधिकारी सदस्य र बाँकी अन्य विषयगत कार्यकारी सदस्यहरु रहनेछन् । यसरी गठन हुने जल उपभोक्ता संस्थामा ४० प्रतिशत महिला सहभागिता सुनिश्चित गरिनेछ ।

ग) पदाधिकारी, सदस्य तथा कार्यकारी सदस्यहरुको पदावधि सामान्यतया दुई वर्षको हुनेछ ।

घ) सिंचाई प्रणालीलाई प्रभावकारी ढंगले संचालन, मर्मतसम्भार र व्यवस्थापन गर्न आवश्यकता अनुसार उपसमितिहरु पनि निर्माण गर्न सकिनेछ र सो भएको अवस्थामा त्यस्ता उपसमितिको अध्यक्ष वा संयोजक सिंचाई उपभोक्ता संस्थाको पदेन सदस्य हुनेछन् ।

**१२. सिंचाई जल उपभोक्ता संस्थाको कार्य समितिको बैठक**

क) संस्थाको **कार्य समितिको** बैठक सामान्यतः महिनामा एक पटक बस्नेछ ।

ख) संस्थाको **कार्यसमितिको** अध्यक्षले आवश्यक ठानेमा संस्थाको आकस्मिक बैठक बोलाउन सक्नेछन् । कार्यकारी सदस्यहरु मध्ये २५ प्रतिशत वा सो भन्दा बढीले अध्यक्षलाई लिखित अनुरोध गरेमा पनि आकस्मिक बैठक बोलाउन सकिनेछ ।

ग) सचिवले अध्यक्षको सिफारिस अनुसारको समय, मिति र ठाउँमा समितिको बैठक बोलाउने छन् ।

घ) समितिको बैठकको अध्यक्षता संस्थाको कार्य समितिको अध्यक्षले गर्नेछन् । निजको अनुपस्थितिमा समितिको जेष्ठ सदस्यले अध्यक्षता गर्नेछन् ।

ङ) बैठकमा न्यूनतम गणपूरक संख्याको लागि ५१% भन्दा बढी कार्यसमितिका सदस्यहरुको उपस्थिति हुनु आवश्यक छ ।

च) सबै कार्यसमितिका सदस्यहरुलाई कम्तिमा ३ दिन अगाडि बैठक बारे जानकारी दिनु पर्नेछ ।

छ) न्यूनतम गणपुरक संख्या नपुगेमा बैठक स्थगित गरि दोस्रो पटकको लागि सुचना जारी गर्न सकिनेछ ।

ज) दोस्रो पटक बोलाईएको समितिको बैठकमा ४५ प्रतिशत मात्र सदस्यहरु उपस्थित भएमा पनि बैठक बस्न सक्नेछ ।

झ) बैठकमा साधारण बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

ञ) बैठक सम्बन्धी आवश्यक कार्यविधि संस्थाको कार्यसमितिले निर्माण गरी लागु गर्नेछ ।

**१३. सिंचाई जल उपभोक्ता संस्थाको काम, कर्तव्य र अधिकारहरु**

क) संस्थाको बार्षिक कार्यक्रम र आर्थिक विवरणहरु साधारण सभामा पेश गर्ने ।

ख) साधारण सभाबाट पारित योजना र कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने र गराउने ।

ग) संस्थाको योजना तथा कार्यक्रमहरु कार्यान्वयनको लागि आवश्यक बजेटको व्यवस्था मिलाउने ।

घ) संस्थाको नामबाट हुने अन्य सम्पूर्ण कार्यहरु सम्पादन गर्ने ।

ङ) संस्थाको कार्य सम्पादन गर्न कार्यकारी सदस्य वा संस्थाको सदस्यहरुलाई अधिकार प्रत्यायोजन गर्ने ।

च) साधारण सभा नबसुन्जेलसम्मको लागि रिक्त पदहरुको पदपुर्ति गर्न संस्थाका सदस्यहरुलाई मनोनयन गर्ने ।

## परिच्छेद-५

### सिंचाई उपभोक्ता संस्थाका कार्यकारी पदाधिकारी सदस्यहरुको काम कर्तव्य र अधिकार

**१४. संस्थाका कार्यकारी सदस्यहरुको काम कर्तव्य तथा अधिकारहरु**

**क) अध्यक्षको काम कर्तव्य तथा अधिकार**

- साधारण सभा /विशेष साधारण सभा बैठक र संस्थाको कार्यसमिति बैठकको अध्यक्षता गर्ने ।
- संस्थाको बैठकको मिति, समय, ठाउँ र विषय किटान गर्ने ।
- संस्थाको बैठकमा निर्णय हुने कुनै विषयमा मत विभाजन भई पक्ष र विपक्षमा बरावर मत हुन गएमा निर्णायक मतको प्रयोग गर्ने ।
- संस्थाको प्रतिनिधित्व गर्ने वा प्रतिनिधित्व गर्ने पदाधिकारी वा कार्यकारी सदस्यको चयन गर्ने ।
- संस्थाको सदस्यहरुलाई क्रियाशील बनाउने र उनीहरुको गतिविधिमा समन्वय ल्याउने ।
- सम्वन्धित सरोकारवाला निकायहरुसंग समन्वय गर्ने र गराउने ।
- सिंचित खेती प्रणाली कार्यान्वयन गर्ने र गराउने ।

**ख) सचिवको काम कर्तव्य र अधिकार**

- सिंचाई उपभोक्ता संस्थाको निर्णय अनुसार साधारण सभा बोलाउने ।
- अध्यक्षको आदेश अनुसार संस्थाको बैठक बोलाउने ।
- संस्थाको बैठकमा भएका निर्णयहरु माईन्यूट गर्ने र अभिलेख अद्यावधिक राख्ने ।
- साधारण सभा समक्ष समितिको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने ।
- संस्थाको बैठकमा लिईएका निर्णयहरुलाई समितिको विधान, नीति र निर्णयहरु अनुरुप समितिको तर्फबाट सरोकारवाला संस्थाहरुलाई पत्राचार गर्ने ।
- संस्थाद्वारा निर्देशित अन्य कार्यहरु सम्पादन गर्ने ।

**ग) कोषाध्यक्षको काम, कर्तब्य र अधिकार**

- संस्थाको नगद र जिन्सीको जिम्मेवारी लिने र त्यसको अभिलेख अद्यावधिक राख्ने ।
- संस्थाको वार्षिक बजेट तयार गरी समितिमा पेश गर्ने ।
- संस्थाको आय व्ययको हिसाब किताव राख्ने ।
- सदस्यता शुल्क, जरिवाना, चन्दा र अन्य शुल्कहरु उठाउने ।
- संस्थाको आर्थिक कारोबारहरुमा निगरानी र नियन्त्रण गर्ने ।

**घ) सदस्यहरुको काम, कर्तव्य र अधिकार**

- संस्थाको वैठकमा सक्रिय सहभागिता जनाउने ।
- संस्थाको कार्यमा रचनात्मक भूमिका निर्वाह गर्ने ।
- अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

**ङ) कार्यकारी सदस्य- सिंचाई प्रणाली मर्मत तथा सम्भार उपसमिति**

- संचालन तथा मर्मत सम्भार उपसमितिको अध्यक्षता गर्ने ।
- पानी वितरण तालिका तयार गरि त्यस अनुसार कार्य गर्ने गराउने ।
- संस्थाको विधान तथा नियमावलीमा उल्लेख भए अनुसार पानी वितरण तथा मर्मत सम्भारका कार्यहरु लागु गराउने
- मर्मत सम्भार तथा सुपरीवेक्षणमा लागेको जनश्रमदानको लागत राख्ने ।

**च) कार्यकारी सदस्य- कृषि उपसमिति**

- सिंचित क्षेत्रको कृषि बिकाससंग सम्बन्धित उपसमितिको अध्यक्षता गर्ने ।
- सिंचित क्षेत्र भित्र उन्नत कृषि प्रबिधिको प्रयोग गराउनमा सघाउने ।
- सिंचित क्षेत्रका सिँचाइ उपभोक्ताहरुलाई उन्नत कृषि प्रबिधि प्राप्त गरी जानकारी दिने ।
- कृषि प्राविधिकहरुसंग छलफल गरी सिँचित क्षेत्रमा सुहाउदो कृषि प्रणाली र बाली सघनता पत्ता लगाई संस्थाका पदाधिकारीहरुबाट स्वीकृत तथा कार्यान्यन गराउन पेश गर्ने ।
- उत्पादित कृषि उपजलाई बजारीकरण गर्ने ।

- अगुवा कृषक छनौट गर्ने ।
- 

## परिच्छेद- ६
## वित्तिय र श्रोत परिचालन

**१५. आम्दानीका श्रोतहरु**

**सिंचाई उपभोक्ता संस्थाको आम्दानीका श्रोतहरु निम्नानुसार हुन सक्छन् :**

क) सिंचाई सेवा शुल्क

ख) सदस्यहरुबाट असुल गरिएका जरिवाना र अन्य शुल्कहरु ।

ग) संस्थाले विभिन्न ब्यक्ति वा निकायहरु बाट प्राप्त गरेका चन्दा, उपहार, आर्थिक अनुदान आदि ।

घ) संस्थाले विभिन्न वित्तीय श्रोतहरुबाट प्राप्त गर्ने ऋण रकम ।

ङ) अन्य वैकल्पिक गतिविधिबाट प्राप्त रकम ।

**१६ चालु र स्थिर सम्पतिको हरहिसाव राख्ने**

संस्थाको बिधान बमोजिम चालु र स्थिर पूँजीको हरहिसाब सिंचाई उपभोक्ता संस्थाको निर्देशन अनुसार राखिने छ । अचल सम्पत्तिको तथ्याङ्क पनि संस्थाको सिफारिश अनुसार राखिनेछ ।

**१७. कोष**

सिंचाई उपभोक्ता संस्थाको कार्यहरु सम्पादन गर्न एउटा कोष खडा गरिनेछ । संस्थाको नाममा प्राप्त हुने सबै आम्दानी यसै कोषमा जम्मा गरिनेछ । संस्थाको कार्यहरुमा लाग्ने सम्पुर्ण खर्च पनि यसै कोषवाट गरिनेछ । यस कोषको संचालन संस्थाको निर्णय बमोजिम हुनेछ ।

**१८. लेखा परीक्षण**

क) साधारण सभाले नियुक्ति गरेको मान्यता प्राप्त लेखा परीक्षक बाट समितिको आर्थिक कारोबारको बार्षिक लेखा परिक्षण गराईनेछ ।

ख) साधारण सभालाई लेखा परीक्षण प्रतिबेदनको पुनरावलोकन र अनुमोदनको अधिकार रहने छ । यदि प्रतिबेदनमा अनियमतता भेटिएमा साधारण सभाले सिंचाई उपभोक्ता समितिलाई सच्याउन आदेश जारी गर्नेछ । संस्थाको हरहिसाब र लेखा परीक्षण प्रतिवेदन गाउँपालिकालाई प्रत्येक वर्षको पौष मसानत भित्र बुझाउनु पर्नेछ ।

## परिच्छेद- ७

**विविध**

**१९. निर्वाचन**

साधारण सभाका सदस्यहरुले सिंचाई उपभोक्ता समितिको पदाधिकारीहरु र कार्यकारी सदस्यहरुको चयन सर्वसहमत रुपमा गर्नेछ र सो नभए नियम अनुसार निर्वाचन प्रक्रिया बमोजिम निर्वाचित गर्नेछ ।

**२०. संस्थाको सदस्यताको लागि अयोग्यता**

कुनै सदस्य मानसिक रुपमा अस्वस्थ भई सम्बन्धीत अस्पतालबाट प्रमाणित भएमा वा जिम्मेवारी अनुसारको कार्य गर्न असमर्थ भएमा सिंचाई उपभोक्ता संस्थाको सदस्यता ग्रहण गर्न अयोग्य ठहर गरिनेछ ।

**२१. अविश्वासको मत**

क) संस्थाको कुनै पदाधिकारी वा कार्यकारी सदस्य विरुद्ध साधारण सभाका ५१ प्रतिशत भन्दा बढी सदस्यहरुले निजलाई दिएको जिम्मेवारी इमान्दारीताका साथ निर्बाह गर्न असक्षम भएको दाबी गर्दै दिएको निवेदन उपर साधारण सभाको उपस्थित सदस्यहरु मध्यबाट दुई तिहाईको समर्थन प्राप्त गरेमा र्का समितिको कुनै पनि सदस्य वा कार्यकारी सदस्य आफ्नो पदबाट स्वतः हट्ने छन् ।

ख) साधारण सभामा माथि उल्लेखित निर्णय गर्नु अगाडी त्यस व्यक्तिलाई (जसको विरुद्ध निवेदन परेको छ) आफ्नो विरुद्ध लागेको आरोपको सफाई पेश गर्ने मौका दिईनेछ ।

ग) अविश्वासको मत साधारण सभाबाट पारित नभएमा सोहि व्यक्ति विरुद्ध १ वर्ष ननाघ्दै अर्को अविश्वासको प्रस्ताव पुनः दर्ता गराउन पाईने छैन ।

**२२. राजिनामा**

कुनै पदाधिकारी वा कार्यकारी सदस्यले स्वइच्छाले आफ्नो पदबाट संस्था समक्ष राजिनामा पेश गरेमा सो राजिनामा स्वीकृत गर्ने वा नगर्ने अधिकार साधारण सभालाई रहने छ ।

**२३. सिंचाई जल उपभोक्ता संस्थाको सदस्यताबाट निष्काशन**

समितिको कुनै पदाधिकारी वा कार्यकारी सदस्यले विना पुर्वसूचना साधारण सभाको दुईवटा बैठकमा वा समितिको चारवटा बैठकमा लगातार अनुपस्थित रहेमा निजको सदस्यता स्वतः खारेज हुनेछ ।

**२४. संशोधनको अधिकार**

साधारण सभाको गणपुरक संख्याको दुई तिहाई बहुमतले विधानलाई संशोधन गर्न सकिने छ । तर संस्था दर्ता गर्ने निकायबाट स्वीकृति प्राप्त भएपछि मात्र संशोधित विधान लागू हुनेछ ।

**२५. विनियम बनाउन सक्ने अधिकार**

सिंचाई प्रणाली र संस्थालाई प्रभावकारी ढंगले संचालन गर्न, संस्थाले मर्मत सम्भार, श्रमदान, पानी बाँडफाँड, कोष सञ्चालन गर्नका लागि आवश्यक एकीकृत वा छुट्टछुट्टै विनियम बनाउन, नीति बनाउन, संशोधन गर्न र लागु गर्न सक्नेछ ।

**२६. दण्ड सजायहरु लागु गर्ने अधिकार**

संस्थाले अनाधिकार पानीको प्रयोग, सिंचाई संरचनाहरुको हानी नोक्सानी आदि रोक्न विभिन्न दण्ड, सजाय, जरिवाना वा सदस्यताबाट निलम्बन गर्ने जस्ता व्यवस्था विनियम बनाई लागू गर्न गर्नेछ ।

**२७. संस्थाको छाप**

**फुङ्गनाम खावाना खोला सिंचाई जल उपभोक्ता संस्था** को छुट्टै छाप र प्रतिक चिन्ह हुनेछ । उक्त छाप र प्रतिक चिन्ह अनुसुची (१) बमोजिम हुनेछ ।

**२८. संस्थापक सदस्य**

यस संस्था दर्ताका बखत दस्तखत गर्ने सदस्यहरुलाई संस्थापक सदस्य भनिनेछ ।

श्री **फुङ्गनाम खावाना खोला सिंचाई जल उपभोक्ता संस्था** का हामी निम्न संस्थापक हदस्यहरु यस विधान बमोजिम कार्य गर्न मन्जुर भई निम्न साक्षीको रोहवरमा विधानमा सहीछाप गर्दछौं ।

| क्र.स. | पद | संस्थापकको नाम थर र बतन | दस्तखत | साक्षीको नाम थर र बतन | दस्तखत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | **गंगा बहादुर श्रेष्ठ** | | | |
| २ | सचिब | **केशब कुमार श्रेष्ठ** | | | |
| ३ | कोषाध्यक्ष | **हिरा श्रेष्ठ** | | | |
| ४ | सदस्य | **शान्ती देवी जोशी** | | | |
| ५ | सदस्य | **गोपाल राई** | | | |
| ६ | सदस्य | **टंक बहादुर श्रेष्ठ** | | | |
| ७ | सदस्य | **विष्णु माया श्रेष्ठ** | | | |
| ८ | सदस्य | **नवराज श्रेष्ठ** | | | |
| ९ | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सदस्य | रमा तामाङ्ग | | | |
| १० | सदस्य | पदमलाल श्रेष्ठ | | | |
| ११ | सदस्य | सुनमाया श्रेष्ठ | | | |

अनुसूची १

संस्थाको छाप

अनुसुची २

सदस्यताको लागि निवेदन ढाँचा

# फुङ्गनाम खावाना खोला सिंचाई जल उपभोक्ता संस्था

## चुलाचुली गाउँपालिका वडा नं ६

## चुलाचुली, इलाम

मिति :

श्रीमान अध्यक्ष ज्यू,

**विषय : सदयस्ता पाउँ भन्ने सम्बन्धमा ।**

म स्वयं **फुङ्गनाम खावाना खोला सिंचाई जल उपभोक्ता संस्था** को जल उपभोक्ता कृषक भएकाले जल उपभोक्ता संस्थाको नियम बमोजिम सदयस्ता दिलाई दिनु हुन निवेदन गरेको छु । प्रवेश शुल्क (रु ....... नगद), समितिको सदस्यता वार्षिक दस्तुर (रु ....... नगद) र फोटो यसै साथ सलंग्न गरी बुझाएको छु ।

१. नाम ..........................................................................

२. ठेगाना .......................................................................

३. कमाण्ड क्षेत्र भित्र आफ्नो जग्गा (क्षेत्रफल).................................

४. प्रमुख पेशा.....................................................................

५. सिंचाई सुविधाः

- हाल सुविधा भएको
- हाल सुविधा नभएको

६. कमाण्ड क्षेत्र भित्र आफ्नो जग्गा रहेको स्थानः

- शिर
- माझ
- पुच्छार

७. सदस्य हुन योग्य भए नभएको.........................................

निवेदक

दस्तखत : ...........................

नाम ..................................

अनुसुची ३

कृषक परिचय पत्रको ढाँचा

फुङ्गनाम खावाना खोला सिंचाई जल उपभोक्ता संस्था
.चुलाचुली गाउँपालिका
इलाम

सदस्यता नं ........

नाम ..............................................................................

जिल्ला .............................................

गा.पा. . .................................... वडा नं .........

पहिचान : शिर, माभ्ठ, पुच्छार

सिंचित क्षेत्रफल (रोपनी, कठ्ठा)......................

जारी मिति : .............

जारी गर्नेको नाम : .............................

....अध्यक्ष...

हस्ताक्षर हस्ताक्षर

## परिचय-पत्र नविकरण

| नविरकण गरेको मिति | म्याद पुग्ने मिति | नविरकण गर्नेको दस्तखत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

अनुसुची ४

<u>लाभान्वित सिंचाइ उपभोक्ताहरुको विवरण</u>

| क्र.स. | उपभोक्ताको नाम | सिंचित क्षेत्रफल ( रोपनी/विगाहा) | क्र.स. | उपभोक्ताको नाम | सिंचित क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| क.स. | उपभोक्ताको नाम | सिंचित क्षेत्रफल (रोपनी) | क.स. | उपभोक्ताको नाम | सिंचित क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| क्र.स. | उपभोक्ताको नाम | सिंचित क्षेत्रफल (रोपनी) | क्र.स. | उपभोक्ताको नाम | सिंचित क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

मिति २०७७।३।१

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

चुलाचुली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

चुलाचुली, इलाम ।

विषय : जल उपभोक्ता संस्था दर्ता गरी पाउँ ।

उपरोक्त सम्बन्धमा चुलाचुली गाउँपालिका वडा नं. ६ स्थीत खावाना खोला जल उपभोक्ता संस्था दर्ता गर्न आवश्यक देखी सो अनुसार आम उपभोक्ता भेला गरी आम उपभोक्ताहरुको निर्णय अनुसार खावाना खोला जल उपभोक्ता संस्था स्थापना गरी उक्त संस्थाको विधान तयार पारी गठित तददर्थ समिति मार्फत विधिवत रुपमा दर्ता गरी सो को दर्ता प्रमाण पत्र उपलब्ध गराई पाउँ ।

**आवश्यक कागजातहरु:**

१.संस्था स्थापनाका लागि आम उपभोक्ता भेलाको निर्णयको प्रतिलिपी....
२. खावाना खोला जल उपभोक्ता संस्थाको विधानको सक्कलै २ प्रति.......
३. संस्थाको तदर्थ समितिका पदाधिकारीहरुको नागरीकताको प्रतिलिपी .......
४.चुलाचुली गाउँपालिका, ६ नं. वडा कार्यालयको शिफारिस पत्र.......
५. संस्थाबाट लावान्वीत हुने उपभोक्ताहरुको विवरण ......................
६. सं''था दर्ता गर्न लाग्ने दस्तुर रु........। यसै साथ पेश गरेका छौं ।

तदर्थ समितिको तर्फबाट
**निवेदक**
गंगा बहादुर श्रेष्ठ
(अध्यक्ष)
खावाना खोला जल उपभोक्ता संस्था,
चुलाचुली गाउँपालिका ६ नं. वडा चुलाचुली इलाम ।